नौकुण्ड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## सरमथली, रसुवा

बागमती प्रदेश, नेपाल

पत्र संख्या :- ०७७/०७८

मिति : २०७८/०२/२४

**विषय : आ.व.०७८/०७९ को नीति तथा कार्यक्रम एवम् बजेट तर्जुमाको लागि राय /सुझाव संकलन सम्बन्धि सूचना ।**

वर्तमान अवस्थामा कोभिड १९ को महामारीका विच नौकुण्ड गाउँपालिका आ.व. ०७८/०७९ को नीति तथा कार्यक्रम एवम् बजेट तर्जुमाको चरणमा लागेको जानकारी गराउदछु । यस्तो असाधारण परिवेशमा गाउँपालिकाले नीति तथा कार्यक्रम एवम बजेट बनाउदै गर्दा नेपालको संविधानद्वारा स्थानीय सरकारलाई प्रदत्त अधिकार, स्थानीय सरकार संचालन ऐन २०७४ का प्रावधानहरु, नेपाल सरकारको पन्धौं योजना, दिगो बिकासका लक्ष्यहरुको स्थानीयकरणसंग तादम्यता हुने गरि गाउँपालिकाको आवश्यकता, साधन श्रोतको उपलब्धता, संस्थागत क्षमता समेतको आधारमा आगामी आ.व.०७८/०७९ को नीति तथा कार्यक्रम र बजेटमा समावेश गर्नु पर्ने बिषयवस्तु सम्बन्धमा यहाँहरुको सिर्जनात्मक राय, सल्लाह र सुझावहरु प्रदान गरिदिनु हुन नौकुण्ड वासी सम्पूर्ण राजनीतिक दलहरु, नागरिक समाज, बुद्धिजिवीहरु, महिलाहरु, संघ संस्थाहरु, पत्रकार, शिक्षक तथा समाजसेवीहरु, पेशा व्यावसायीहरु सम्पूर्णमा हार्दिक अनुरोध गर्दछु ।

नेत्रराज गिरी
प्रमुख प्रशासकीय अधिकृत

**राय /सुझाव पठाउने ठेगाना :**

*Email: info@naukundamun.gov.np,*
*naukundagaunpalika@gmail.com*
फोन नं : ९८१८२४११७७, ९८२३२९०८८२
फेसबुक पेज : नौकुण्ड गाउँपालिका
*Naukunda Gaunpalika @9kundarm*
राय /सुझाव पेश गर्ने अन्तिम मिति : २०७८ जेष्ठ मसान्त सम्म ।